## अनुसूचि-२०

## सिन्धुपाल्चोक जिल्ला अदालत

### लिलाम वढावढको सूचना

विगो नं.२/११

वादी भिम बहादुर निरौलाको छोरी श्याम श्रेष्ठकी श्रीमती ससरी जिल्ला रूपनगर गा.वि.स. वडा नं ८ जन्म घर भई सिराहा जिल्ला धनगढी नगरपालिका वडा नं ५ को परिवर्तित धनगढीमाई नगरपालिका वडा नं ११ बस्ने वर्ष ४१ की कमला कुमारी निरौला र प्रतिवादी बल बहादुर बस्नेतको छोरा सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे गा.वि.स. वडा नं १ को हाल बाह्रबिसे न.पा. वडा नं ३ बस्ने वर्ष ३१ को विश्व बस्नेत भएको लेनदेन मुद्दामा यस जिल्ला अदालतको मिति २०७५/०३/११ को फैसलाले वादीले भरी पाउने ठहरेको विगो रु.४,५०,०००/- (चार लाख पचास हजार रूपैया), सोको भरिभराई मिति सम्मको कानून बमोजिमको व्याज, अदालती शुल्क रू ९,१४६।२५ समेतको रकम दिलाई भराई पाउ भनी वादीले दरखास्त दिई कारवाही चलिरहेकोमा वादीले प्रतिवादीबाट दाखिला भएको रू ४,५०,०००/- बुझिलिएको र बाँकी विगो रू १,६१,१४६/- (एक लाख एकसठ्ठी हजार एक सय छयालिस) को हकमा प्रतिवादीको बुबा श्याम कुमार बस्नेतको नाममा दर्ता श्रेस्ता कायम भएको सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे गा.वि.स.वडा नं. ४ को कि.नं. २२३५ २२६८ २२३२ २२२९ , ऐ. वडा नं १ को कि.नं. ३७८ ६०६ ७६५ १३२८ तथा ऐ. वडा नं २ को कि.नं. ६५१ समेतको जग्गाहरूबाट वादीको बाँकी विगो रकम भराई दिने प्रयोजनार्थ प्रतिवादीको उक्त सम्पति मिति २०७६/११/२९ गते दोस्रो पटक यस अदालतमा डाक लिलाम हुने भएकाले डाक वढावढ गरी डाक लिलाम सकार गर्न चाहने सर्वसाधरण सवैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१.डाक लिलाम मिति २०७६/११/२९ गते हुने भएकोले यस अदालतको तहसिल शाखामा दिनको १०.००बजे देखि कार्यालय समय सम्म डाक लिलाममा वोलकवोल गर्न सकिनेछ ।

२. डाक लिलाम तोकिएको दिन सार्वजनिक विदापरे सो को भोलिपल्ट डाक लिलाम हुनेछ ।

३. मुलुकी देवानी कार्यविधी नियमावली २०७५ को नियम ५७ (घ) र (ज) बमोजिम कायम भएको न्युनतम पंचकृते मूल्यबाट डाक बढाबढ गर्नुपर्नेछ ।

४.कायम भएको न्युनतम पञ्चकृति मुल्याङकन बाट डाक वढावढ गर्नु पर्नेछ।

५.डाक लिलामको बखत वोलकवोल गरेको अङ्कको १० प्रतिशतले हुन आउने रकम सोहि दिन दाखिला गर्नु पर्ने छ।बाँकी बोलकवोल रकम डाक लिलाम भएको मितिले ७ दिन भित्र दाखिला गर्नु पर्ने छ ।७ दिन भित्र वाँकी रकम दाखिला नगरे डाक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाक लिलामको सूचना प्रकाशन गरिनेछ ।

६.डाक लिलाम वढावढ हुँदा सवैभन्दा वढी अंङ्क वोलकवोल गर्नेलाई डाक सकार गराईनेछ।

७.डाक लिलाम सम्वन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहशिल शाखामा सम्पर्का राख्नु होला ।

### डाक लिलाम हुने जेथाको विवरण यस प्रकार छ

| सि.नं. | जग्गाधनिको नाम | जिल्ला | न.पा./गा.वि.स | कि.नं. | कैफियत (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीको बुबा श्याम बहादुर बस्नेत | सिन्धुपाल्चोक | बाह्रबिसे | वडा नं १ को कि.नं. ३७८ ६०६ ७६५ १३२८<br>वडा नं ४ को २२३५ २२६८ २२३२ २२२९<br>वडा नं २ को ६५१ | रू ८,००,०००/- (आठ लाख) |